आ. म. ४२५
" ३।१०

# महान्यायाधिवक्ताको कार्यालय

## नेपाल

## (संवैधानिक मुद्दा महाशाखा)

पत्र संख्या :- ०७९/०८०
चलानी नं.:- ६४६६

रामशाहपथ, काठमाडौं
मिति :-२०८०/०३/०८

बिषयः फैसलाको जानकारी सम्बन्धमा ।

श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं।

उपर्युक्त सम्बन्धमा रिट निवेदक वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारी समेत र विपक्षी तँहा मन्त्रालय समेत भएको उत्प्रेषण/परमादेश विषयको रिट (०७९-WO-१३५५) निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८०।०२।२१ गते जारी भएको अल्पकानीन अन्तरिम आदेशलाई निरन्तरता प्रदान गर्न मिलेन भनि मिति २०८०।०३।०७ मा सम्मानित सर्वोच्च अदालतबाट आदेश भएको व्यहोरा अनुरोध गरिन्छ। साथै उक्त रिट निवेदनमा भएको आदेशको प्रतिलिपी पाना चार (४) समेत यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ।

२०८०/०३/०८
सहायक न्यायाधिवक्ता

फोनः ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. श्री आनन्द मोहन भट्टराई
माननीय न्यायाधीश श्री कुमार रेग्मी
आदेश
०७९-WO-१३५५

डा. सुरेन्द्र भण्डारी समेत.............................................................. निवेदक

विरुद्ध

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेल समेत.................................... विपक्षी

विषय: उत्प्रेषण/परमादेश

अन्तरीम आदेशको छलफलको लागि पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक वरिष्ठ अधिवक्ताहरु डा. श्री सुरेन्द्र भण्डारी, श्री वालकृष्ण नेउपाने, तथा निजहरु तर्फवाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री टिकाराम भट्टराई, श्री रविनारायण खनाल, श्री ध्रुवलाल श्रेष्ठ, श्री ईश्वरी प्रसाद भट्टराई तथा विद्वान अधिवक्ता श्री भद्र प्रसाद नेपाल (स्वागत नेपाल), श्री किर्तिनाथ शर्मा पौडेल, प्रत्यर्थी सम्माननीय राष्ट्रपतिको तर्फवाट उपस्थित विद्वान महान्यायाधिवक्ता डा. दिनमणी पोखरेल, नायव महान्यायाधिवक्ताहरु श्री विश्वराज कोइराला, श्री सचिव राज रेग्मी, सह न्यायाधिवक्ताहरु श्री खेमराज ज्ञवाली र श्री सूर्यराज दाहाल, सम्माननीय सभामुखको तर्फवाट उपस्थित वरिष्ठ अधिवक्ता श्री रमेश वडाल, तथा विद्वान अधिवक्ता श्री भोजराज आचार्य, रिट

निवेदनमा आफ्नो सरोकार छ भनी निवेदन साथ उपस्थित व्यक्तिहरुको तर्फवाट उपस्थित विद्वान् अधिवक्ताहरु श्री सुरेश कुमार कार्की, श्री दिपेन्द्र झा, श्री मोहना अन्सारी, श्री सुष्मा गौतम, श्री सुनिल कुमार पटेल, श्री शिशिर कुमार यादव, श्री पंकज कुमार कर्ण, श्री शैलेन्द्र अम्वेडकर, श्री विराज थापा, श्री दिप नारायण शाह, श्री ज्ञान प्रसाद गजुरेल, श्री आनन्द कुमार गुप्ता, श्री अनु लामा, श्री सफिद राइन, श्री रक्षाराम हरिजन चमार तथा श्री मनोज कुमार साहले गर्नुभएको वहस समेत सुनियो।

यसमा प्रस्तुत रिट निवेदनमा नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न वनेको विधेयक २०७९ लाई सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलवाट मिति २०८०।०२।१७ मा गरिएको प्रमाणीकरण, अवैधानिक रहेको हुँदा उक्त प्रमाणीकरण र सो प्रमाणीकरणसंग सम्वन्धित सम्पूर्ण कार्यहरु वदर गरी पाउँ भन्ने समेत जिकिर लिइएको देखिन्छ। उक्त नागरिकता विधेयक संसदवाट पारित भएपछि सभामुखवाट प्रमाणित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) वमोजिम मिति २०७९।०४।१२ मा राष्ट्रपति समक्ष पेश भएकोमा राष्ट्रपतिद्वारा सोही धाराको उपधारा (३) वमोजिम प्रतिनिधिसभामा फिर्ता पठाइएकोमा उपधारा (४) वमोजिम मिति २०७९।०५।२० मा राष्ट्रपति समक्ष प्रमाणीकरणको लागि दोस्रो पटक पेश गरिएको देखिन्छ। यसरी पेश भएको विधेयक उक्त धारामा व्यवस्था भए वमोजिम तत्कालीन सम्माननीय राष्ट्रपतिवाट १५ दिन भित्र प्रमाणीकरण नभएको अवस्थामा वर्तमान सम्माननीय राष्ट्रपतिवाट सोही उपधारा अन्तरगत मिति २०८०।०२।१७ मा प्रमाणित भएको भन्ने इजलास समक्ष सम्माननीय राष्ट्रपति समेतको तर्फवाट उपस्थित विद्वान महान्यायाधिवक्ता तथा न्यायाधिवक्ताहरुले जिकिर लिनुभयो। यस अदालतको आदेश वमोजिम सम्माननीय राष्ट्रपतिको कार्यालयवाट प्राप्त उक्त विधेयकको छाँयाप्रतिको अन्तिम पृष्ठमा "प्रतिनिधिसभाका सभामुखवाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (४) वमोजिम प्रमाणीकरण गर्दछु" भन्ने कोलममा तत्कालीन सम्माननीय राष्ट्रपतिको नाम उल्लेख भएको कारण त्यसको लगत्तै पछि "प्रमाणीकरण

गर्दछु" भनी लेखी वर्तमान सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले दस्तखत गरी मिति समेत राखेको पाइयो।

अव जहाँसम्म उक्त कार्यको वैधानिकताको प्रश्न छ, नेपालको संविधानको धारा १० अनुसार कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकवाट वन्चित गरिने छैन भन्ने व्यवस्था रहेको, संविधानको धारा १० देखि धारा १५ सम्म नागरिकता सम्वन्धी व्यवस्थाहरु गरिएको र उक्त संवैधानिक व्यवस्थाहरुको कार्यान्वयनको लागि नेपाल नागरिकता ऐन, २०६३ मा संशोधन आवश्यक भएवाट नै संसदवाट दुई दुई पटक उक्त संशोधन विधेयक पारित भएको रहेछ भनी वुझ्नुपर्ने हुन आयो। यस्तो संशोधन विधेयक संसदवाट पारित भइसकेको अवस्थामा सो विधेयकलाई नेपालको संविधानको धारा १११ को उपधारा (१०) को प्रतिवन्धात्मक वाक्यांशमा गरिएको व्यवस्था अनुसार संसदको कुनै सदनमा विचाराधिन रहेको विधेयक मात्र नमिल्ने हुँदा प्रतिनिधिसभाको अधिवेशनको अन्त्य भएको कारणले संसदवाट पारित भएको विधेयक निस्कृय हुन्छ वा शुन्यमा जान्छ भन्न मिल्ने देखिदैन। यस स्थितिमा संविधानको धारा ६१ को उपधारा (३) अनुसार राष्ट्रिय एकताको प्रवर्धन गर्ने र उपधारा (४) अनुसार संविधानको पालन र संरक्षण गर्ने कर्तव्य रहेको राष्ट्रपतिद्वारा धारा ११३ को उपधारा (४) वमोजिम प्रमाणीकरण नगर्दा सिर्जित संवैधानिक शून्यता एवं जटिलता समेतलाई दृष्टिगत गरी केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३ को दफा ३ तथा प्रतिनिधिसभा नियमावली, २०७५ को नियम ६५ वमोजिम प्रतिनिधिसभाका सभामुखबाट प्रमाणित गरी राष्ट्रपति समक्ष पठाइएपछि राष्ट्रपतिको कार्यालयमा नै रहेको विधेयक संविधानको धारा ११३(४) को व्यवस्था वमोजिम प्रमाणित भएको र सो गर्ने क्रममा नागरिकता विधेयक प्रमाणीकरण नभएवाट परेको जटिलता तथा धेरै नेपाली युवाहरुले बेहोरेको नागरिकता विहिनताको स्थिति समेत उल्लेख गरी मन्त्री परिषदले मिति २०८०।०२।१२ मा गरेको सिफारिस र नेपालको संविधानको धारा ६१ र ६६ का व्यवस्थाहरु समेतलाई मध्येनजर गरेको पाइयो। यस स्थितिमा सम्माननीय

राष्ट्रपतिवाट भएको नेपाल नागरिकता ऐन, २०६३ को संशोधन विधेयक २०७९ को प्रमाणीकरणलाई प्रथम दृष्टिमा अवैधानिक भन्न मिल्ने अवस्था नदेखिएवाट निवेदनमा उठाइएका अन्य जिकिरहरुलाई प्रस्तुत रिट निवेदनको अन्तिम किनारा गर्दा विचार गरिने नै हुँदा हाल यस अदालत एक न्यायाधीशको इजलासवाट मिति २०८०।०२।२१ मा जारी भएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता प्रदान गर्न मिलेन। नियमानुसार गर्नुहोला।

न्यायाधीश

न्यायाधीश

इति सम्वत २०८० साल आषाढ ७ गते रोज ५ शुभम.......................................।